# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ७९ | काठमाडौं | शनिबार, २७ असार २०८३ | Prabhab National Daily | Saturday, 11 July 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


गणेश नेपालीको आत्मदाह प्रकरण

# वालेन्द्र सरकारमा झल्कियो पुरानै सत्ताको धङधडी






आत्मदाह प्रयासपछि उपचारका क्रममा मृत्यु भएका गणेश नेपाली (बायाँ) र गणेशको मृत्युपछि सरकारविरुद्ध प्रदर्शन गर्दै युवाहरू ।

*तस्बिर: सामाजिक सञ्जालबाट*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बिहीबार काठमाडौंको त्रिपुरेश्वरस्थित राहदानी विभागअघि राइडर गणेश नेपालीले नगरप्रहरीसँगको सामान्य विवादपछि आत्मदाह गरे । मुगुको सोरु गाउँपालिकाका नेपालीको उपचारका क्रममा शुक्रबार वीर अस्पतालमा निधन भएपछि देशको प्रणालीमाथि प्रश्नैप्रश्न उब्जिएको छ ।

२०७९ माघ १० गते नयाँ बानेश्वरस्थित संघीय संसद् भवन अगाडि इलामका प्रेमप्रसाद आचार्यले यसरी नै आत्मदाह गरेका थिए । आचार्यको मृत्युपछि त्यतिबेला देशको प्रणालीमाथि प्रश्न उठेको थियो । सुशासन, भ्रष्टाचार, दण्डहीनता, युवालाई गरिने व्यवहारका कारण जनतामा आक्रोश छायो ।

यही आक्रोश अन्ततः जेन-जी विद्रोहमा फेरियो । सुशासन र देशको विकासका लागि भन्दै जेन-जी विद्रोहले राष्ट्रिय स्वतन्त्र पार्टीलाई झण्डै दुईतिहाइ मत दियो, फागुन २१ गतेको निर्वाचनले । उक्त निर्वाचनपछि बनेको वालेन्द्र शाह वालेन्द्र नेतृत्वको सरकारले १०० दिन मनाएको केही दिनमै गणेशले आत्मदाह गरेका हुन् ।

गणेशले गरेको विद्रोह सत्तामा बस्नेहरूका लागि सामान्य लाग्नु स्वाभाविक हो । तर अस्पतालहरू र उच्च सुरक्षा व्यवस्था भनिएको सहरमा मध्य दिनमै गणेशले न त उचित उद्धार पाए न त उचित उपचार नै । उनको उपचारका लागि भन्दै गृहमन्त्री सुधन गुरुङ वीर अस्पतालको आइसियू कक्षाबाहिर टाउको समाउँदै फनफनी घुमेको दृश्य सामाजिक सञ्जालमा देखियो । सुशासन स्थापनाका लागि थिति बसाल्नुपर्ने सरकारका मन्त्री पुरानै शैलीमा अस्पतालमा दबाब दिन पुग्नु आफैंमा लाजमर्दो विषय देखियो ।

यो विषयलाई राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले संसद्मा खुलेर विरोध गरे । 'गृहमन्त्रीज्यू, तपाईं गृहमन्त्री हो कि कन्टेट क्रियटर ? गृहमन्त्रीले हिजो फिल्मको नायकजस्तै मिडिया घेरेर कहिले एयरपोर्ट, कहिले उता दौडिरहनुभएको थियो । साँच्चै उपचार गर्ने उद्देश्य थियो भने आज गणेश नेपालीको मृत्यु हुँदैनथ्यो,' उनले भने ।

नयाँ सरकार पनि थिति बसाल्नेभन्दा पनि नायकत्व स्थापनातिरै लागेको शाहीको भनाइ थियो । 'सरकार अर्बपतिलाई चाहिएको होइन, सरकार त निमुखा र अपहेलितहरूलाई चाहिएको हो । तर आज सरकारका ऐन, नियम र निर्णयहरू केवल हुनेखानेकै पक्षमा केन्द्रित छन्,' शाहीले भने ।

गणेशले आत्मदाह गरेको भोलिपल्ट शुक्रबार सर्लाहीमा अर्का युवाले आत्मदाह प्रयास गरेका छन् । गोडैता नगरपालिका-१० का विवेक मण्डललाई घाइते अवस्थामा सेनाको हेलिकोप्टरमार्फत काठमाडौंको कीर्तिपुर बर्न अस्पताल ल्याइएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा



जुन ठाउँमा घटना घट्यो, त्यो ठाउँमा ट्राफिकले ह्विल लक गरेको होइन । कुनै भिडियोमा छ ट्राफिकले लगाएको त्यसमा ? नगर प्रहरीले लगाएको छ । म विपक्षी दलका साथीहरूलाई, माननीयज्यूहरूलाई सोध्न चाहन्छु– स्थानीय सरकार कसको छ अहिले ? प्रदेश सरकार कसको छ अहिले ? दुई तहको सरकार त तपाईंहरूसँगै छ ।

■ **सुधन गुरुङ**
गृहमन्त्री



गृहमन्त्रीज्यू तपाईं गृहमन्त्री हो कि कन्टेट क्रियटर ? गृहमन्त्रीले हिजो फिल्मको नायकजस्तै मिडिया घेरेर कहिले एयरपोर्ट, कहिले उता दौडिरहनुभएको थियो । साँच्चै उपचार गर्ने उद्देश्य थियो भने आज गणेश नेपालीको मृत्यु हुँदैनथ्यो ।

■ **ज्ञानेन्द्र शाही**
नेता, राप्रपा

# पूर्वन्यायाधीश र पूर्वसैनिकको सम्पत्ति छानबिनमा सर्वोच्चको रोक




- सम्पत्ति छानबिन आयोगको क्षेत्राधिकारमाथि सर्वोच्चले उठायो संवैधानिक प्रश्न
- मुद्दाको टुंगो नलाग्दासम्म कसैलाई पनि सम्पत्ति विवरण पेस गर्न बाध्य नपार्न अन्तरिम आदेश

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सर्वोच्च अदालतले सरकारद्वारा गठित 'सम्पत्ति जाँचबुझ छानबिन आयोग, २०८३' को क्षेत्राधिकारमाथि प्रश्न उठाएको छ । सर्वोच्चले शुक्रबार उक्त आयोगको क्षेत्राधिकारमाथि गम्भीर संवैधानिक प्रश्न उठाउँदै पूर्वन्यायाधीश र पूर्वसैनिकको सम्पत्ति तत्काल छानबिन नगर्न अन्तरिम आदेश दिएको छ ।

न्यायाधीशद्वय टेकप्रसाद ढुंगाना र श्रीकान्त पौडेलको संयुक्त इजलासले रिट निवेदनको पूर्णइजलासबाट टुंगो नलाग्दासम्म कसैलाई पनि सम्पत्ति विवरण पेस गर्न बाध्य नपार्न र यो मुद्दालाई पूर्णइजलासमा पठाउन आदेश दिएको हो ।

आदेशमा भनिएको छ, 'पेस हुन आएको सम्पत्ति विवरणउपर छानबिन गर्ने कार्य यथास्थितिमा राख्नू र कसैउपर पनि कुनै किसिमको कानुनी कारबाहीका लागि सिफारिस नगर्नू/नगराउनू भनी प्रत्यर्थी सम्पत्ति छानबिन आयोगको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) (क) बमोजिम अन्तरिम आदेशसमेत जारी गरिएको छ ।'

आयोगविरुद्ध अधिवक्ता डा. प्रेमराज सिलवालले रिट दायर गरेका थिए । उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई विपक्षी बनाई दायर गरेको उत्प्रेषण रिटमा सुनुवाइ गर्दै अदालतले यस्तो आदेश दिएको हो । निवेदकले अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्तो संवैधानिक निकाय क्रियाशील रहेकै अवस्थामा मन्त्रिपरिषद्ले छुट्टै आयोग गठन गर्नु संविधान, कानुन र सर्वोच्चकै यसअघिका फैसला प्रतिकूल रहेको दाबी गरेका थिए ।

विषयवस्तुको गम्भीरतालाई ध्यानमा राख्दै अदालतले मुद्दालाई अग्राधिकार दिई १५ दिनभित्र पेस गर्न र यसको सघाउनका लागि नेपाल बार एसोसियसन र सर्वोच्च अदालत बार एसोसिएसनबाट दुई-दुई जना अधिवक्ता सम्मिलित 'एमिकस क्युरी' सात दिनभित्र मनोनयन गरी पठाउनसमेत आदेश दिएको छ ।

यसअघि प्रधानमन्त्री वालेन्द्र शाहसमेतका तर्फबाट पेस गरिएको लिखित जवाफमा आयोगको काम केवल विवरण संकलन गर्ने, छानबिन गर्ने र थप अनुसन्धानका लागि सम्बन्धित निकायमा सिफारिस गर्नेमात्र भएकाले यसले अख्तियारको अधिकार प्रतिस्थापन नगरेको दाबी गरिएको थियो । तर, अदालतले प्रारम्भिकरूपमै यसबाट 'अपूरणीय क्षति' हुन सक्ने स्थिति देख्दै आयोगको काममा रोक लगाएको हो ।

गत वैशाख २ गतेको मन्त्रिपरिषद् बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा पाँच सदस्यीय सम्पत्ति छानबिन आयोग गठन गर्ने निर्णय गरेको थियो । आयोगमा हालसम्म १३ हजारभन्दा बढीले सम्पत्ति विवरण बुझाइसकेका जानकारी दिइएको छ । यसरी विवरण बुझाउनेमा पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश, पूर्वप्रधानसेनापति, पूर्वकर्मचारीलगायत रहेका छन् ।

आयोगले वैशाख ३१ गते सार्वजनिक सूचना प्रकाशित गरेर छानबिनको दायरामा पर्ने प्रकृतिका पदाधिकारी उल्लेख गरी एक महिनाभित्र आफ्नो र परिवारको नाममा रहेको सम्पत्ति विवरण पेस गर्न आग्रह गरेको थियो । तर, उक्त अवधिमा अपेक्षित संख्यामा विवरण र उजुरी नआएपछि आयोगले विवरण बुझाउने म्याद एक महिना थप गरेको थियो । उक्त म्याद यही असार मसान्तमा सकिँदै छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगार बोर्डमार्फत ३३६३ विद्यार्थीलाई छात्रवृत्ति

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्षमा वैदेशिक रोजगारीका क्रममा मृत्यु/अशक्त भएका श्रमिकका तीन हजार ३६३ छोराछोरीले छात्रवृत्ति पाएका छन् । वैदेशिक रोजगार बोर्डअन्तर्गतको वैदेशिक रोजगार कल्याणकारी कोषमार्फत उक्त छात्रवृत्ति प्रदान गरिएको युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले सामाजिक सञ्जाल फेसबुकमार्फत जानकारी दिएका छन् ।

छात्रवृत्ति पाउने कूल विद्यार्थीमध्ये एक हजार ७८१ जना छात्र र एक हजार ५८२ जना छात्रा रहेका जानकारी दिइएको छ । 'प्रदेशगत आधारमा हेर्दा सबैभन्दा बढी विद्यार्थीहरू लुम्बिनी प्रदेशबाट रहेका छन्, जहाँ ७७८ जनाले छात्रवृत्ति प्राप्त गरेका छन् । कोशी प्रदेशबाट ७३७ जना, मधेस प्रदेशबाट ७१३ जना र गण्डकी प्रदेशबाट ५३१ जना विद्यार्थीहरू समेटिएका छन्,' मन्त्री यादवले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

छात्रवृत्ति पाउने बागमती प्रदेशका ३८१ जना छन् । कर्णाली र सुदूरपश्चिम प्रदेशको संख्या तुलनात्मकरूपमा कम देखिएको छ । विवरणअनुसार कर्णाली प्रदेशबाट १३८ जना र सुदूरपश्चिम प्रदेशबाट ८५ जना विद्यार्थी छात्रवृत्तिका लागि छनोट भएका छन् ।

'वैदेशिक रोजगार बोर्डमा प्राप्त हुन आएका छात्रवृत्तिका निवेदनहरू उपर बोर्डले आवश्यक कागजातहरूको मापदण्डका आधारमा छनोट गरेबमोजिम छात्रवृत्ति वितरण गरिएको छ,' मन्त्री यादवले भनेका छन् ।

मृत्यु/अशक्त भएका श्रमिकका छोराछोरीलाई शिक्षामा राहत पुऱ्याउने उद्देश्यले वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम बोर्डले छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । बोर्डका अनुसार निवेदन आउने क्रम जारी रहेकोले छात्रवृत्ति प्राप्त गर्ने संख्या बढ्ने छ ।




- वैदेशिक रोजगारीका क्रममा मृत्यु/अशक्त भएका श्रमिकका तीन हजार ३६३ छोराछोरीलाई छात्रवृत्ति प्रदान
- छात्रवृत्ति पाउने कूल विद्यार्थीमध्ये एक हजार ७८१ जना छात्र र एक हजार ५८२ जना छात्रा
- लुम्बिनी प्रदेशबाट सबैभन्दा ७७८ जनाले पाए छात्रवृत्ति

# अनलाइन 'स्क्यामिङ'मा परेका ८३६ जनाको उद्धार

**काठमाडौं (प्रस)–** सरकारले दक्षिणपूर्वका कम्बोडिया, म्यानमार, लावस र थाइल्याण्डको सीमा क्षेत्रबाट अनलाइन स्क्यामिङमा परेका ८३६ जना नेपालीको उद्धार गरिएको जनाएको छ ।

परराष्ट्र मन्त्रालयको शुक्रबार आयोजित नियमित प्रेस ब्रिफिङमा मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेलले कम्बोडियाबाट ७०९ जना, म्यानरमारबाट ११३ जना, लावसबाट आठ जना र थाइल्याण्डबाट छ जनाको उद्धार गरिएको जानकारी दिए । उनले भने, 'दक्षिण पूर्वका कम्बोडिया, म्यानमार, लावस र थाइल्याण्डको सीमा क्षेत्रमा सञ्चालित विभिन्न अनलाइन स्क्यामिङ सेन्टरहरूमा ठगिन पुगेका नेपालीको उद्धार तथा त्यस विषयमा सचेतनाका लागि निरन्तर समन्वय र पहल जारी राखेका छौं ।'

दूतावासको निरन्तर अनुरोधमा कम्बोडिया सरकारले भिसा अवधिभन्दा बढी बसेका नेपालीको भिसा शुल्क र जरिवाना मिनाहा गर्ने विषयमा छलफल भएको पनि मन्त्रालयले जनाएको छ । यस वर्ष कम्बोडिया सरकारले जम्मा ६०२ जनाको शुल्क मिनाहा गरेको प्रवक्ता पौडेलले बताए ।

मन्त्रालयले नेपाली नागरिकलाई सहज, सरल र प्रभावकारी राहदानी सेवा उपलब्ध गराउने उद्देश्यले परराष्ट्र मन्त्रालय र मन्त्रालयअन्तर्गत रहेको राहदानी विभाग प्रतिबद्ध रहेको पनि जनाएको छ । 'छापिएका राहदानी शीघ्र सम्बन्धित जिल्ला र इलाका कार्यालयमा पुऱ्याउन हुलाक विभागसँग सहकार्य गर्ने विषयमा यही असार १९ गते सम्झौता सम्पन्न भएको छ, सोही दिनबाट उक्त सम्झौता लागू पनि भएको छ,' उनले भने ।

मन्त्रालयले जनमैत्री सेवा प्रवाह गर्ने उद्देश्यअनुरूप जुनसुकै जिल्लाबाट पनि राहदानीका लागि आवेदन दिन सकिने व्यवस्थाका लागि आवश्यक प्रक्रिया सुरु गरेको छ । प्रवक्ता पौडेलले भने, 'अर्थात् जो जहाँ बसेको भए पनि नजिकको जिल्ला वा इलाका प्रशासन कार्यालयबाट राहदानीका लागि आवेदन दिनसक्ने व्यवस्थाका लागि हाल काम भइरहेको छ ।'


## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार ३२ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com

## पृष्ठ १ बाट क्रमश:

### वालेन्द्र...

३५ वर्षीय मण्डलले शुक्रबार पेट्रोल छर्केर आफैंलाई आगो लगाएका हुन् ।

एकपछि अर्को युवाले आत्मदाहको प्रयास गरेसँगै रास्वपा सरकारमाथि प्रतिप्रश्न उठेको छ- खै त शासन सुधारेको ?

संघीय सरकारका गृहमन्त्री गुरुङले आफू पन्छिन सजिलो जवाफ दिएका छन् । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा गृहमन्त्री गुरुङले उल्टै प्रश्न गरे- स्थानीय सरकार कसको छ अहिले ?

गृहमन्त्री गुरुङले गणेशको बाइकमा ट्राफिकले ह्विल लक नगरेको दाबी गरे । 'हाम्रो तीन तहको सरकार हुन्छ- एउटा संघीय सरकार भयो, एउटा प्रदेश सरकार भयो र एउटा स्थानीय सरकार । जुन ठाउँमा घटना घट्यो, त्यो ठाउँमा ट्राफिकले ह्विल लक गरेको होइन । कुनै भिडियोमा छ ट्राफिकले लगाएको त्यसमा ? नगर प्रहरीले लगाएको छ । म विपक्षी दलका साथीहरूलाई, माननीयज्यूहरूलाई सोध्न चाहन्छु- स्थानीय सरकार कसको छ अहिले ? राष्ट्रिय स्वतन्त्र पार्टीको छ ? यो प्रदेश सरकार कसको छ अहिले ? राष्ट्रिय स्वतन्त्र पार्टीको छ ? दुई तहको सरकार त तपाईंहरूसँगै छ ।'

गणेशको मृत्युपछि उठेको अर्को प्रश्न हो- राइड सेयरिङ कम्पनीको मनपरीतन्त्र । पठाओ, इनड्राइभ र याङ्गो तीन प्रमुख राइड सेयरिङ कम्पनीले गणेश आफ्नो प्रणालीमा 'एक्टिभ' नदेखिएको दाबी गरेका छन् । राइड सेयरिङ कम्पनीहरू आफ्नो रइडर दुर्घटनामा पर्नेबित्तिकै बिमाबराबरको रकम दिनबाट जोगिन यसरी पन्छिने गरेको पाइन्छ ।

गणेशको मृत्यु प्रकरणपछि देखिएको अर्को प्रवृत्ति हो- सुरक्षा निकाय र ट्राफिक व्यवस्थापनको कमजोरी । खासमा ट्राफिक प्रहरीको मुख्य जिम्मेवारी सडक सुरक्षाको हो । यद्यपि, ट्राफिक प्रहरी ट्राफिक सुरक्षाभन्दा पनि कसरी नागरिकलाई दण्डित गराउने भन्ने ध्याउन्नमा लागेको हुन्छ ।

गणेश र नगर प्रहरीको विवादले पनि यो छर्लंग देखिन्छ । गणेश आफू दण्डित भएपछि उनले तिर्ने कर ट्राफिक प्रहरीकोमा नै पुग्छ । तर ह्विल लक लगाएपछि नगर प्रहरीसँग विवाद गरी आत्मदाह गरेका गणेशको मृत्युपछि उपत्यका ट्राफिक प्रहरी कार्यालयले कुनै जरिवाना नतिराएको दाबी गर्दै विज्ञप्ति नै निकालेको छ । ह्विल लक लगाएपछि जरिवाना गराउने प्रक्रिया सुरू भइसकेकोले ट्राफिक प्रहरी यसरी पन्छिन खोज्नु गैरजिम्मेवारीपन हो । प्रहरीले कि त न्याय सम्पादन आफ्नो कर्तव्य भन्न सक्नुपर्छ नभए यसरी विज्ञप्ति निकालेर भावनाको पछि दौडेर पन्छिन खोज्नु गम्भीर भूल नै हो ।

#### सडक आन्दोलन सुरू

गणेशको निधन भएपछि माइतीघर, वीर अस्पताल र विभिन्न क्षेत्रमा नागरिकहरूले स्वतन्त्ररूपमा सरकारको विरोध सुरू गरेको छ । सरकारबाट वालेन्द्रको राजीनामा माग्दै उनीहरूले युवालाई रोजगारी, सुरक्षाको ग्यारेन्टीको माग गरेका छन् । उनीहरूले प्रधानमन्त्री वालेन्द्रको पुत्लासमेत दहन गरेका छन् ।

#### छानबिन समिति गठन

गृहमन्त्री गुरुङले गणेश नेपालीको आत्मदाह प्रकरणमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको जानकारी दिएका छन् । मन्त्री गुरुङले शुक्रबार प्रतिनिधिसभाको बैठकमा नेपाल प्रहरीका डिआइजी गोविन्द थपलियाको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको जानकारी गराएका हुन् । प्रतिनिधिसभाको बैठकमा गणेशको आत्मदाह र मृत्युको घटनाको विषयमा छानबिन गर्न उच्चस्तरीय समिति गठनको माग सांसदहरूले गरेका थिए ।

#### सदनमा गृहमन्त्रीको गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति

गृहमन्त्री गुरुङले सदनमा गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति दिएका छन् । उनले सुरुमा गणेशको उपचारका लागि विपक्षी सांसदहरूले भनेजस्तो कुनै लापवारही नगरेको दाबी गरे । 'यो नियम-कानुन हामीले बनाएको हो ? तपाईंहरूले बनाएको, तपाईंहरूले कार्यान्वयन गर्न नसकेर हामीले कार्यान्वयन गरेर हामीले देखाएको हो । र, त्यही नियम-कानुनमा टेकेको हौं हामीले,' गुरुङले भने 'अहिले ब्ल्याक टिनको कुरा आइरहेछ । कालो सिसा लगायो । त्यो कालो सिसा बनाउने नियम हामीले कोरेका थियौं ? तपाईंहरूले कोर्नुभएको हो । त्यसलाई हामीले पालनामात्र गराएको । कति कुराहरू तपाईंहरूले जानेर पनि नबुझेको जस्तो गर्नुभएको हो कि ।'

उपचारका लागि भारत लैजान राज्यका सबै संयन्त्रहरू परिचालन गरे पनि सम्भव नभएको र चिकित्सकको निगरानीमै सबै कुरा भएको गुरुङको दाबी थियो । उनले संसद्मा प्रश्न उठेको विषयमा बोल्दै 'सबै डाक्टर र विज्ञ भएको' भन्दै व्यंग्य गरे । उनले आफू देश बनाउन आएको भन्दै 'नेपाल रहे न हामी रहने हो' भन्दै सांसदलक्षित टिप्पणी गरे ।

उनले 'देश कसरी बनाउनुपर्छ थाहा छ' भन्दै रातदिन नभनी काम गरिरहेको बताए । त्यस्तै गणेश नेपालीको हकमा पनि संघीय सरकारको नभई काठमाडौं महानगरपालिकाको दोष रहेको औंल्याए । 'त्यही पनि त्यो जिम्मेवारी कसको थियो ? स्थानीय तहको सरकार कसको छ अहिले काठमाडौंमा ? तपाईंहरू आफैं भन्नुस् । स्थानीय सरकार कसको ? ह्विल लक लाको कसले ? हामीले भनिराख्नुपर्ने ? अनि त्यो दोष पनि हामीले भोग्नुपर्ने ? हामीले आफ्नो जिम्मेवारी निभाउँछौं । जोसुकैले गरेको होस् । आफूले अगाडि बढ्नुपर्छ । त्यसमा दोष लाउनु छैन । राज्यले गर्नुपर्ने कर्तव्य त यही त हो नि । आफ्नो नागरिकलाई जसरी भए पनि बचाउनुपर्ने । त्यो गर्छौं । 'ताली', तीन रात सुत्न नपरोस्, चार रात सुत्न नपरोस् । हामी सुत्दैनौं र आफ्नो नागरिकलाई बचाउँछौं । प्रयास गरेकै हो,' गृहमन्त्री गुरुङले भने ।

# लुम्बिनी विश्वविद्यालयको बजेट स्वीकृत

**काठमाडौं (प्रस)**- लुम्बिनी बौद्ध विश्वविद्यालयले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४९ करोड ८८ लाख रूपैयाँबराबरको बजेट, नीति तथा कार्यक्रम स्वीकृत गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं विश्वविद्यालयका सहकुलपति सम्मित पोखरेलको अध्यक्षतामा शुक्रबार सिंहदरबारमा बसेको बैठकले विश्वविद्यालयले आफ्नो मूल उद्देश्यअनुसार बौद्ध शिक्षा, बौद्ध दर्शन र बौद्ध अध्ययनमा केन्द्रित भएर शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनले विश्वविद्यालयलाई राष्ट्रिय तथा अन्तरािष्ट्रियस्तरमा बौद्ध अध्ययनको उत्कृष्ट केन्द्रका रूपमा विकास गर्न आवश्यक रणनीति अवलम्बन गर्न निर्देशन दिए ।

बैठकमा उपकुलपति डा. माणिकरत्न शाक्यले विश्वविद्यालयमा हाल दुई हजार ६२० विद्यार्थी अध्ययनरत रहेको र विश्वविद्यालयअन्तर्गत ५४ वटा शैक्षिक कार्यक्रम सञ्चालनमा रहेको बताए । विश्वविद्यालयका आठ सम्बन्धन प्राप्त कलेज र आठ सहकार्यमा सञ्चालित कलेज छन् । विश्वविद्यालयमा २०२ अन्तर्राष्ट्रिय विद्यार्थी अध्ययनरत छन् ।

चीन, जापान, भारत, कोरियालगायतका विश्वविद्यालय तथा संस्थासँग थप समझदारीपत्र सम्पन्न गरी अन्तर्राष्ट्रिय सहकार्य विस्तार गरेको, पाठ्यक्रममा माइक्रो-सिलेबस प्रणाली लागू गरेको तथा कम्प्युटर आधारित परीक्षा र प्रोक्टरिङ प्रणाली विस्तार गरी परीक्षा व्यवस्थापनलाई थप व्यवस्थित बनाएको विश्वविद्यालयका सहायक निर्देशक चुरामणि पोखरेलले जानकारी दिए ।

विश्वविद्यालयले आर्थिक तथा प्रशासनिक सुधारका विभिन्न कार्यक्रम अघि बढाएको, आन्तरिक आय वृद्धि र वित्तीय अनुशासनमा प्रगति हासिल गरेको जानकारी बैठकमा प्रस्तुत गरिएको थियो । बैठकमा विश्वविद्यालय सभाका सदस्य, पदाधिकारी तथा सम्बन्धित निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।


**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०३/२७**

यस सा.व.उ.स. बाट आर्थिक वर्ष २०८१/०८२ संकलन भएको असना, बिजयसाल, साल, खयर गोलिया काठ जम्मा थान ६४२ को परिमाण ५३४५.९३ क्यूफिट र दाउरा ७ चट्टा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी प्रचलित कानुन अनुसार बिक्री गर्नुपर्ने भएकाले सम्बन्धित सबैमा २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालय समयमा यस सा.व.उ.स.मा सम्पर्क गर्न अनुरोध छ ।

**श्री विसाल सामूदायिक वन उपभोक्ता समूह, कृष्णपुर न.पा.-१ कञ्चनपुर**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०६/२४ मा दर्ता भएको प्रा.लि.नं. १४१११० को **जय देवी मा एक्सपोर्ट इम्पोर्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०८१।११।०१ मा दर्ता भएको प्रा.लि.नं. ३६१२६५ को **वाइ.डालो रेष्ट्रो प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कुवेतमा रोजगार** कम्पनी : **SOUTH AVENUES SALOON & SPA COMPANY FOR LADIES**

पूर्व स्वीकृति मिति : २०८३/03/२६ LT. No. 344777 चलानी नं. ६०२५८०४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaner | 0 | 6 | 100 | ४९,२०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Saloon Worker | 0 | 14 | 150 | ७३,८०० | | | | | | | |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २ गते (18th July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1559/079/80
**FEWA OVERSEAS PVT. LTD**
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

**शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/२७**

यस सुन्दर हरियाली सा.व.उ.स. हरिहर पुरगढी गा.पा.-०८, सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३ को नियमानुसार कटान मुछान भइ उत्पादित काठ दाउरा समूहको क्वाटर हरिहरपुरगढी ७. मा घाटगद्दीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान १४२को १५६०.०४ क्यूफिट काठ हाल जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सूचना टाँस गरिएको छ ।

**- अध्यक्ष**

**सुन्दर हरियाली, सा.व.उ.स., हरिहरपुर गढी गा.पा-0८ सिन्धुली**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८३/03/२७**

**महाराजा द रोयल होटल प्रा. लि.** को मिति २०८३/०३/१२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **होटल क्लासिक ड्रिम्स प्रा. लि. (दर्ता नं. ३११९८३)** कायम गर्ने गरी मिति २०८३/०३/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०६/१८ मा दर्ता भएको **प्रा. लि. नं. २००३७७** को **रेमन यातायात प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**विशेष दर्ता खारेजी सम्बन्धी ३0 दिने सूचना**

यस कार्यालयमा मिति २०७२।०४।०७ मा दर्ता भएको प्रा.लि.नं.१३७१३१ को **दिब्य नुडल्स प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३0 (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८२/०१/३० मा दर्ता भएको **प्रा. लि. नं. ३६६५३२/0८१/0८२** को श्री **ग्राउण्ड वाटर म्यानेजमेन्ट प्रा. लि.** को मिति २०८३/०३/०५ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८३/03/२७**

यस जलकन्यादेवी सा.व.उ.स., क.न.पा.७ सिन्धुलीको घाटगद्दी गरि राखेको विभिन्न लटको साल समेत जातको गोलिया थान २१८को १८३३.५४ क्यू.फि. गोलिया काठ तथा दाउरा १ चट्टा व्यापारिक प्रयोजनको लागि ब्रिकी वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**जलकन्यादेवी सा.व.उ.स., क.न.पा.७, सिन्धुली**

**जगेडामा रहेको साधारण शेयर बिक्री गर्ने सम्बन्धी सूचना !!!**

यस गोरक्ष हाइड्रोपावर लिमिटेडको प्रबन्धपत्रको नियम ६ (ग) बमोजिम जगेडामा रहेको शेयर मध्येबाट २१,००,००० कित्ता शेयर हाल कायम रहेका शेयरधनिहरुलाई रु. १०० प्रति कित्ताका दरले बिक्रि गर्ने निर्णय भए बमोजिम यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र इच्छुक शेयरधनी महानुभावहरुले शेयर खरिद फर्म, नागरिकता, राष्ट्रिय परिचय पत्र र बैकमा रकम जम्मा गरेको भौचर सहित निवेदन पेश गर्नु हुन सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र हाल कायम रहेका शेयरधनी महानुभावहरुबाट आंशिक वा पूर्ण रुपमा शेयर खरिदका लागि आवेदन प्राप्त नभएमा अन्य इच्छुक व्यक्ति तथा संस्थाहरुलाई शेयर बिक्रि गरिने समेत जानकारी गराईन्छ ।

**गोरक्ष हाइड्रोपावर लि.**
काठमाण्डौ-०९, बत्तिसपुतली
फोन न. ०१-४५८२९४५

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

***प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/३/२७ गते***

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ३३२ को ३०६६.८२ घनफिट काठ तथा साल जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**टुँडिखेल सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ३, मकवानपुर**


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, २७ असार, २०८३

| | |
|---|---|
| **मेष** | आर्थिक लाभका अवसर देखिन्छन कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुन सक्छ । स्वास्थ्य सामान्य रहनेछ । |
| **वृष** | नयाँ काम सुरु गर्न वा निर्णय लिन अनुकूल समय छ । परिवारबाट साथ र सहयोग मिल्नेछ । |
| **मिथुन** | गोप्य योजना अरूसँग साझा नगर्नुहोस ध्यान र विश्रामले मानसिक शान्ति मिल्नेछ । |
| **कर्कट** | मित्र तथा सहकमीबाट सहयोग प्राप्त हुनेछ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन् । |
| **सिंह** | पेशागत क्षेत्रमा राम्रो उपलब्धि मिल्ने सम्भावना छ । वरिष्ठ व्यक्तिको सहयोग प्राप्त हुनेछ । |
| **कन्या** | अध्ययन, वैदेशिक योजना वा लामो यात्राका विषयमा सकारात्मक संकेत देखिन्छ । |
| **तुला** | साझेदारी तथा आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |
| **वृश्चिक** | नयाँ कामको अवसर मिल्न सक्छ। आर्थिक पक्षमा सुधार हुनेछ । परिवारको सहयोग प्राप्त हुनेछ । |
| **धनु** | व्यवसाय र जागिरमा प्रगति हुने दिन छ। पुरानो रोकिएको काम अघि बढ्ने सम्भावना छ । |
| **मकर** | आत्मविश्वास बढ्नेछ । अध्ययन, लेखन र सञ्चार क्षेत्रमा सफलता मिल्ने योग छ । |
| **कुम्भ** | घरपरिवारसँग सम्बन्धित जिम्मेवारी बढ्न सक्छ । भावनामा बगेर निर्णय नगर्नुहोस् । |
| **मीन** | छोटो यात्रा वा महत्वपूर्ण भेटघाटको सम्भावना छ । नयाँ योजना सुरु गर्न दिन राम्रो छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२७ असार, २०८३ (११ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.३३ | १५२.९३ |
| युरो | १ को | १७४.०९ | १७४.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.२२ | २०५.०३ |
| स्विस फ्रेन्क | १ को | १८८.७७ | १८९.५२ |
| अस्ट्रेलियन डलर | १ को | १०५.६९ | १०६.१० |
| क्यानाडियन डलर | १ को | १०७.४३ | १०७.८५ |
| सिङगापुर डलर | १ को | ११७.८२ | ११८.२८ |
| जापानी येन | १० को | ९.३८ | ९.४२ |
| चिनियाँ युआन | १ को | २२.४२ | २२.५१ |
| साउदी अरब रियाल | १ को | ४०.५७ | ४०.७३ |
| कतारी रियाल | १ को | ४१.७९ | ४१.९५ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.४८ | ४१.६४ |
| मलेसियन रिङेट | १ को | ३७.३६ | ३७.५१ |
| दक्षिण कोरियन वन | १०० को | १०.०७ | १०.११ |
| स्विडिस क्रोनर | १ को | १५.७३ | १५.७९ |
| डेनिस क्रोनर | १ को | २३.२९ | २३.३८ |
| हङकङ डलर | १ को | १९.४४ | १९.५१ |
| कुवेती दिनार | १ को | ४९४.९८ | ४९६.९३ |
| बहराइन दिनार | १ को | ४०४.०० | ४०५.६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# दरबारदेखि रानीकुवासम्म

## इतिहास, जनश्रुति र संरक्षणको मौन साक्षी

जनक श्रेष्ठ/लमजुङ



डुम्रे-बेँसीसहर सडकखण्ड हुँदै यात्रा गर्ने जो-कोहीको नजर सडक छेउमा रहेको एउटा पुरानो कुवामा पर्न सक्छ । हतारमा यात्रा गर्नेका लागि त्यो सामान्य पानीको कुवामात्र हुनसक्छ तर त्यसको मौन गहिराइभित्र १६औं शताब्दीको लमजुङ दरबारको इतिहास लुकेको छ । तत्कालीन राजपरिवारको जीवनशैली, बटुवाको यात्राको कथा, स्थानीय समाजको परिवर्तन र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको जनविश्वास पनि सुरक्षित छ ।

यहाँ कुनै समय रानी वा राजपरिवारले प्रयोग गर्ने कुवा (इनार) थियो । गाउँसहर दरबार आउने-जाने बाटोमा यो पानीको मुख्य स्रोत भएकाले त्यसलाई 'रानीको कुवा' भनिन थालियो । यो व्याख्या स्थानीय मौखिक परम्परामा आधारित हो, यसलाई पुष्टि गर्ने शिलालेख वा आधिकारिक इतिहास हालसम्म उपलब्ध छैन । समयले धेरै कुरा फेरिए पनि 'रानीकुवा'ले इतिहासका ती पदचाप अझै बोकेर बसेको छ । लमजुङको रानीकुवा नामको उत्पत्तिबारे आधिकारिक ऐतिहासिक अभिलेख धेरै उपलब्ध छैन तर स्थानीय जनश्रुति र त्यहाँको ऐतिहासिक परिवेशका आधारमा केही तथ्यहरू फेला पार्न सकिन्छ ।

बेँसीसहर नगरपालिका-३ (साविक गाउँसहर गाउँ विकास समिति) मा अवस्थित रानीकुवाअन्तर्गत पर्ने बस्ती हो । गाउँसहर क्षेत्र तत्कालीन लमजुङ राज्यको महत्त्वपूर्ण ऐतिहासिक केन्द्र मानिन्छ । यही क्षेत्रमा पुरानो दरबार, प्रशासनिक संरचना र धार्मिक स्थलहरू रहेकाले रानीकुवा पनि त्यही ऐतिहासिक परिवेशको एउटा हिस्सा भएर विकसित भएको देखिन्छ । रानीकुवा केवल एउटा बस्तीमात्र नभई गाउँसहर प्रवेशको महत्त्वपूर्ण बिन्दु हो । हालको नगर योजनामा पनि गाउँसहर, काउलेपानी, पुरानोकोट गढी र नाल्मा जाने प्रवेशद्वार रानीकुवामा निर्माण गरिएको उल्लेख छ ।

लमजुङ दरबारसँग जोडिएको यो कुवा स्थानीय जनश्रुतिअनुसार तत्कालीन राजा यशोब्रह्म शाहको पालामा निर्माण गरिएको मानिन्छ । दरबारमा रहेका रानीहरूका लागि सुरक्षित खानेपानी तथा स्नानको व्यवस्था गर्न कुवा खनाइएको विश्वास गरिन्छ । यही कारण यसको नाम 'रानीकुवा' रहन गएको स्थानीयहरूको भनाइ छ । स्थानीय जनश्रुतिअनुसार लमजुङ दरबार र तत्कालीन बसोबासको शैलीसँग गाउँसहर र बेँसीसहरको नामसमेत जोडिएको पाइन्छ । गर्मी याममा माथिल्लो क्षेत्रमा र जाडो याममा बेँसी क्षेत्रमा बसोबास गर्ने चलनका कारण यी नाम प्रचलनमा आएको स्थानीयहरू बताउँछन् । पछि बेँसी क्षेत्रमा बस्ती विस्तार हुँदै जाँदा बेँसीसहरको पहिचान विकसित भएको मानिन्छ ।

स्थानीय बूढापाकाहरूका अनुसार कुनै समयमा राजपरिवार वा दरबारका मानिसहरूले प्रयोग गर्ने पानीको कुवा यहाँ भएकाले त्यसको नाम रानीकुवा रहन गएको भन्ने जनश्रुति प्रचलित छ । यद्यपि, यसलाई पुष्टि गर्ने प्रमाणित ऐतिहासिक दस्तावेज हालसम्म सार्वजनिकरूपमा भेटिँदैन । ८६ वर्षीय स्थानीय बासिन्दा माधवप्रसाद घिमिरेका अनुसार सुरुमा रानीकुवा राजपरिवारको प्रयोगका लागि सीमित थियो । समयसँगै आसपास बस्ती विस्तार भयो र स्थानीयले पनि यही कुवाको पानी प्रयोग गर्न थाले । आधुनिक खानेपानीको व्यवस्था भएपछि यसको प्रयोग घटे पनि ऐतिहासिक महत्त्व भने कायमै रहेको उनी बताउँछन् ।

स्थानीय इतिहासका जानकार अंगराज घिमिरेका अनुसार अहिले सडक रहेको स्थानमा पहिले गोरेटो बाटो थियो । त्यस बाटोमाथि रहेको 'रानी चौतारा' मा यात्रुहरूले विश्राम गर्थे र यही कुवाको पानी पिउँथे । उनका अनुसार रानीहरू पनि यही क्षेत्रमा आउने, स्नान गर्ने र कुवाको पानी प्रयोग गर्ने गर्थे । त्यसैले रानीकुवा केवल पानीको स्रोत नभई तत्कालीन राजकीय जीवन र स्थानीय समाजबीचको सम्बन्धको जीवित साक्षी हो । घिमिरेका अनुसार राजा यशोब्रह्म शाहलाई लमजुङ ल्याउन कुसम्माखरलाई लमजुङका छ थरले अगुवा गर्न आग्रह गरेअनुसार उनले यशोब्रह्मलाई ल्याउन महत्त्वपूर्ण भूमिका खेलेका थिए । तीमध्ये कुस्माखर घिमिरेको योगदान विशेष रहेको स्थानीय इतिहास र जनश्रुतिमा उल्लेख पाइन्छ । ज्योतिष, राजनीतिक ज्ञान र दूरदर्शिताका कारण परिचित कुस्माखर घिमिरे राष्ट्रिय झण्डाको प्रारम्भिक परिकल्पनासँग समेत जोडिने व्यक्तित्व भएको उनको भनाइ छ ।

> लमजुङ दरबारसँग जोडिएको यो कुवा स्थानीय जनश्रुतिअनुसार तत्कालीन राजा यशोब्रह्म शाहको पालामा निर्माण गरिएको मानिन्छ । दरबारमा रहेका रानीहरूका लागि सुरक्षित खानेपानी तथा स्नानको व्यवस्था गर्न कुवा खनाइएको विश्वास गरिन्छ । यही कारण यसको नाम 'रानीकुवा' रहन गएको स्थानीयहरूको भनाइ छ ।

नेपाल एकीकरणअघि प्रयोगमा रहेको १२ कुना भएको सूर्य र आठ कुना भएको चन्द्र अंकित झण्डाको प्रारम्भिक स्वरूपको परिकल्पनामा उनको भूमिका रहेको स्थानीय जनश्रुतिमा पाइन्छ । लमजुङ दरबार संरक्षण समितिका अध्यक्ष राजेन्द्र बोहोराका अनुसार रानीकुवा र लमजुङ दरबारलाई अलग गरेर हेर्न सकिँदैन । दरबारको इतिहास बुझ्न रानीकुवाको संरक्षण पनि उत्तिकै आवश्यक रहेको उनको भनाइ छ । उनका अनुसार इतिहासको संरक्षण केवल पुराना संरचना जोगाउनुमात्र होइन, त्यससँग जोडिएका तथ्य, जनश्रुति, संस्कृति र सामूहिक स्मृतिलाई भावी पुस्तासम्म पुऱ्याउनु पनि हो ।

पर्याप्त संरक्षणको अभाव, प्राकृतिक क्षय तथा बढ्दो मानवीय चापका कारण रानीकुवासहित दरबार क्षेत्रका ऐतिहासिक सम्पदाको मौलिकता जोगाउनु चुनौतीपूर्ण बन्दै गएको छ । दरबार, रानीकुवा, रानी चौतारा तथा आसपासका सम्पदालाई समेटेर दीर्घकालीन संरक्षण, व्यवस्थापन र पर्यटन प्रवर्द्धनका लागि गुरुयोजना तयार गर्ने प्रक्रिया अघि बढाइएको अध्यक्ष बोहोराले बताए । लमजुङ दरबार ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण सम्पदा हो । यसको संरक्षण र प्रवर्द्धनका लागि प्रदेश सरकारसहित विभिन्न निकायबाट पहल भइरहेको उनी बताउँछन् ।

रानीकुवा गाउँसहर दरबार जाने मार्गमा पर्ने भएकाले यो स्थान तत्कालीन लमजुङ राज्यसँग सम्बन्धित हुनसक्ने स्थानीय विश्वास छ । सरकारी विकास योजनाका कागजातहरूमा पनि रानीकुवा-ऐतिहासिक गाउँसहर दरबार सडकको उल्लेख पाइन्छ, जसले यस क्षेत्रको ऐतिहासिक सम्बन्धलाई संकेत गर्छ । दरबार क्षेत्रमा रहेको ऐतिहासिक धारासँग पनि स्थानीय जनविश्वास जोडिएको छ । अहिले पनि चैतेदसैं र फूलपातीका अवसरमा दरबारमा लाग्ने मेलामा सहभागी हुनुअघि उक्त धारामा स्नान गरेर जाने परम्परा रहेको अध्यक्ष बोहोरा बताउँछन् ।

स्थानीय तहले पनि रानीकुवाको संरक्षण र प्रवर्द्धनलाई प्राथमिकतामा राखेको जनाएको छ । वडाध्यक्ष चित्रबहादुर दनाईका अनुसार रानीकुवा क्षेत्रको सौन्दर्यीकरण र प्रवर्द्धनका लागि केही वर्षअघि करिब छ लाख रूपैयाँको लागतमा रानीपार्क निर्माण गरिएको थियो । यसको संरक्षण, ऐतिहासिक अध्ययन र पर्यटन प्रवर्द्धनका लागि थप पहल भइरहेको उनी बताउँछन् । रानीकुवा, लमजुङ दरबार र आसपासका ऐतिहासिकस्थललाई एउटै पर्यटन परिपथका रूपमा विकास गर्ने सोच रहेको उनको भनाइ छ ।

> रानीकुवा गाउँसहर दरबार जाने मार्गमा पर्ने भएकाले यो स्थान तत्कालीन लमजुङ राज्यसँग सम्बन्धित हुनसक्ने स्थानीय विश्वास छ । सरकारी विकास योजनाका कागजातहरूमा पनि रानीकुवा-ऐतिहासिक गाउँसहर दरबार सडकको उल्लेख पाइन्छ, जसले यस क्षेत्रको ऐतिहासिक सम्बन्धलाई संकेत गर्छ । दरबार क्षेत्रमा रहेको ऐतिहासिक धारासँग पनि स्थानीय जनविश्वास जोडिएको छ ।

यसैबीच ऐतिहासिक परिसरमा अहिले कुस्माखर घिमिरेको शालिक निर्माण अन्तिम चरणमा पुगेको छ । राष्ट्रिय प्रतिष्ठान समितिका अध्यक्ष श्रीकान्त घिमिरेका अनुसार स्थानीय स्वर्गीय डिल्लीराज घिमिरेको सम्झनामा उनकी धर्मपत्नी हिमादेवी घिमिरे तथा छोराहरू गुणराज घिमिरे र तोयाराज घिमिरेसहित परिवारले चार आना जग्गा उपलब्ध गराएका छन् । गण्डकी प्रदेश सरकारको १५ लाख रूपैयाँको बजेटमा निर्माण भइरहेको शालिकको ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको उनले जानकारी दिए । उनका अनुसार भक्तपुरमा निर्माण गरिएको शालिक रानीकुवा परिसरमा ल्याइसकिएको छ र उपयुक्त मिति छनोट गरी स्थापना गरिनेछ । कुस्माखर घिमिरेको ऐतिहासिक योगदानलाई नयाँ पुस्तासम्म चिनाउने उद्देश्यले शालिक निर्माण गरिएको उनी बताउँछन् ।

अध्यक्ष श्रीकान्त घिमिरेका अनुसार रानीकुवा र यसको आसपासको क्षेत्र पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण छ । त्यसैले पुरातत्त्व विभागसँग समन्वय गरी यसको संरक्षण, अध्ययन, अभिलेखीकरण र प्रचारप्रसारलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको उनको भनाइ छ । रानीकुवा आज केवल एउटा पुरानो कुवा होइन, यो लमजुङको इतिहास, जनविश्वास, राजपरम्परा, स्थानीय जीवन र सांस्कृतिक पहिचानको जीवित साक्षी हो । यसको छेउमै निर्माणाधीन कुस्माखर घिमिरेको शालिकले इतिहासका अर्का पात्रलाई नयाँ पुस्तासँग परिचित गराउने प्रयास गरिरहेको छ ।

रानीकुवा, लमजुङ दरबार, रानी चौतारा, ऐतिहासिक धारा र कुस्माखर घिमिरेसँग जोडिएका सम्पदालाई एउटै संरक्षण र पर्यटन परिपथका रूपमा विकास गर्न सकिएमा यसले लमजुङको इतिहासलाई मात्र होइन, नेपालको सांस्कृतिक पर्यटनलाई पनि नयाँ आयाम दिन सक्ने बताइएको छ । इतिहासका यस्ता सम्पदाहरू ढुंगा, माटो वा पानीका संरचना मात्र होइनन्, तिनले एउटा समाजको स्मृति, पहिचान र निरन्तरताको कथा बोकेका हुन्छन् । रानीकुवाले आज पनि त्यही इतिहासको मौन साक्षी बनेर भविष्यलाई अतीतसँग जोडिरहेको छ । *रासस*

# सडकसँगै बदलिएको जनजीवन

रामचन्द्र रायमाझी/पाल्पा

कालीगण्डकी करिडोर



यहाँको रम्भा गाउँपालिका-१ अर्सदीका ६८ वर्षीय जगन्नाथ अर्याललाई छ घण्टा लगाएर तानसेन पुगेको याद ताजै छ । स्कुल पढ्दा पैदलै हिँडेर सदरमुकाम तानसेन गएको उनी सम्झन्छन् । अर्याल भन्छन्, 'गाडी चढेर जानुपरे घरबाट चार घण्टा पैदल हिँडेर छर्दी खोला तरेर मालुंगा हुँदै गल्याङ पुग्थ्यौं, त्यहाँबाट गाडी चढेर बल्ल तानसेन जान्थ्यौं ।' डेढ दशकअघिसम्म बुटवल, पोखरा जानुपरे चार/पाँच दिन लगाएर जानुपर्ने बाध्यता रहेको उनी बताउँछन् । अर्याल भन्छन्, 'पहिले त निकै कष्ट थियो । अहिले त डेढ घण्टामै तानसेन, तीन/चार घण्टामै पोखरा पुग्न सकिने भयो ।'

अर्याल यतिबेला आफ्नै आँगनमा सरर्क गाडीबाटै ओर्लन्छन् । 'आफ्नै घर आँगनबाट मोटर गुड्ला र बस चढेर तानसेन, काठमाडौं, बुटवल, पोखरा पुगिएला भन्ने कल्पना नै थिएन,' उनी भन्छन् । अहिले सवारीसाधनमै चढेर तानसेन, बुटवल, पोखरा, काठमाडौं पुग्न पाउँदा धेरै सहज भएको छ । चार/पाँच दिन हिँडेर जानुपर्ने बाध्यता अहिले हटेको उनले बताए । रामपुर नगरपालिका- १० दुर्गा मन्दिर टोलका उपेन्द्र अधिकारी पनि पाँच घण्टा लगाएर नुन, तेल लिन गल्याङ पुग्ने गरेको स्मरण गर्छन् । उनी भन्छन्, 'हाम्रो बुबा, हजुरबुबाहरू नुन लिन तीन/चार दिन लगाएर बुटवल जानुहुन्थ्यो, पछि गल्याङसम्म आउन थालेपछि हामीहरू पाँच घण्टा पैदल हिँडेर जान्थ्यौं तर अहिले त्यो अवस्था छैन ।'

केही वर्षअघिसम्म बिहानै घरबाट निस्किएका स्थानीय साँझसम्म पनि बजार पुग्न सक्दैनथे । बिरामीलाई डोकोमा बोकेर उकालो-ओरालो हिँड्नुपर्ने बाध्यता थियो । किसानले उत्पादन गरेका सुन्तला, तरकारी र अदुवा गाउँमै कुहिन्थ्यो । तर आज त्यही गाउँमा गाडीको आवाज सुनिन्छ, एम्बुलेन्स पुग्छ, उत्पादन सीधै बजारसम्म जान्छ । यो परिवर्तनको प्रमुख आधार बनेको छ कालीगण्डकी करिडोर । कालीगण्डकी करिडोर निर्माण भएपछि अर्याल र अधिकारीको यात्रामात्र होइन यस क्षेत्रका सयौं नागरिकलाई समेत सहज भएको छ ।

कालीगण्डकी करिडोर सडक ट्र्याक खुलेपछि अहिले धेरै खण्डमा स्तरोन्नतिको काम भइरहेको छ । यसले गर्दा कतिपय स्थानमा नयाँ सहर बसेको छ भने दुर्गमका बस्तीलाई करिडोरसम्म जोडेपछि जनजीवन सहज बनेको छ । पाल्पाको राम्दीदेखि रानीमहल १७ किलोमिटरबाहेक अन्यत्र सडक ग्राभेल छ । झण्डै २५० किलोमिटर सडक कालोपत्रसमेत भइसकेको छ । सडकको स्तरोन्नतिसँगै कृषिउपज उत्पादन गर्ने, शिक्षा, स्वास्थ्यको पहुँचमा सजिलो भएको छ ।

कालीगण्डकी नदीको छेउ हुँदै रेखांकन गरिएको सडक आसपास नयाँ बस्तीसमेत विस्तार भएका छन् । गण्डकी प्रदेशको पूर्वी नवलपरासीबाट सुरु भएर लुम्बिनीको पाल्पा, गुल्मी, पुनः गण्डकीकै बागलुङ, पर्वत, म्याग्दी, मुस्ताङसम्म करिडोरअन्तर्गत सडक निर्माण भएको छ । राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी सरकारले प्राथमिकतामा राखेको ४४५ किलोमिटर सडक निर्माणले गति लिएसँगै दुर्गम जिल्लाका बासिन्दालाई यातायातको सहज भएको छ । 'हामीलाई बजार जान चार/पाँच घण्टा लगाएर सदरमुकाम जानुपर्ने बाध्यता थियो,' रम्भा हुँगीका ७० वर्षीय कमल भण्डारीले भने, 'अहिले त सहर जान कुनै दुःख छैन । दुई/तीन घण्टामै बजार गएर आउने गरिन्छ ।' आफूले निकै दुःख गरे पनि अहिले छोरानातिका लागि सहज भएको उनी सुनाउँछन् । 'हेर्दाहेर्दै, देख्दादेख्दै परिवर्तन हुँदा सपनाजस्तै लाग्दो रहेछ । हिजो त गेझा हुँगी, खालीवन फोक्सिङकोट क्षेत्रका जनता आफ्नै जिल्लाको सदरमुकाम जानुपर्दा स्याङ्जाको गल्याङसम्म पैदल, त्यसपछि बस चढेर जानुपर्ने बाध्यता थियो ।

> कालीगण्डकी करिडोर एउटा सडकमात्र होइन, पहाडका बासिन्दाको जीवन, अर्थतन्त्र र सम्भावनालाई नयाँ दिशा दिने विकासको आधार बनेको छ । अझै पूर्वाधार सुदृढीकरण, नियमित मर्मत र सुरक्षित सञ्चालन सुनिश्चित गर्न सकिए यस करिडोरले दीर्घकालीन समृद्धिको ढोका अझ फराकिलो बनाउने अपेक्षा गरिएको छ ।

क्रमशः पृष्ठ ५ मा



**अलपत्र विमानस्थल** | अछामको कमलबजारमा अवस्थित कमलबजार विमानस्थल विगत लामो समयदेखि सञ्चालनमा नआउँदा अहिले विमानस्थल गाईगोरुका लागि चरिचरनको स्थल बनेको छ । *तस्बिरः रासस*

### वर्षामा बिपी राजमार्ग

# अवरुद्ध भए आधा घण्टामै खुलाइने

**काभ्रेपलाञ्चोक-** पटक-पटकको बाढीपहिरोले क्षतिग्रस्त भई पुनर्निर्माण थालिएको बिपी राजमार्गको काभ्रेपलाञ्चोक-सिन्धुली खण्डमा अब अवरुद्ध भए आधा घण्टामै खुलाउनेगरी तयारी गरिएको छ । पुनर्निर्माणसँगै अबको केही दिनभित्रै पुनर्निर्मित ट्र्याकबाटै सवारी सञ्चालन गरिने डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।



नेपालको पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई संघीय राजधानी काठमाडौंसँग जोड्ने छोटो दूरीको उक्त राजमार्गमा यसअघि वर्षा हुनेबित्तिकै अवरुद्ध हुने गरेको थियो । हाल कार्यालयले वर्षामा सकेसम्म राजमार्ग अवरुद्ध हुनै नदिने भइहालेको खण्डमा आधा घण्टाभित्रै सञ्चालनमा ल्याउने तयारी गरेको छ ।

'वर्षायामलाई मध्यनजर गर्दै केही दिनमै खण्डखण्डमा पुनर्निर्मित ट्र्याकबाटै पूर्णरूपमा सवारी आवागमन हुने छ, विपद्का कारण अवरुद्ध भएमा आधा घण्टामै खुलाउनेगरी तयारी भइसकेको छ, यसका लागि आवश्यक उपकरण तम्तयारी अवस्थामा राखिएको छ,' कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले भने ।

उनका अनुसार साविककै स्थानमा पुनर्निर्माण भएका अधिकांश खण्डबाट आवागमन भइरहेको छ । यसअघि भने खोलामै अस्थायी डाभइभर्सन बनाइएकाले रोशी खोलाको बहाव बढ्नेबित्तिकै डाइभर्सन बगाउने र सडक अवरुद्ध हुने गरेको थियो ।

सिनियर डिभिजनल इञ्जिनियर योगेशका अनुसार चौकीडाँडादेखि कटुञ्जेबेँसी, लास्कोट, चारसयबेँसी, नार्के, चिउरीबास, बोक्सीकुना हुँदै पिप्लेसम्म पुरानै ट्र्याकबाट सवारी चलाइएको छ। चौकीडाँडा, चारसयबेँसी, घुमाउनेबेँसी, बोक्सीकुना, चिउरीबास, कालढुंगा तथा पिप्ले-बर्खेखोला क्षेत्रलाई कार्यालयले उच्च जोखिमयुक्त स्थानका रूपमा पहिचान गरेको छ। क्षतिग्रस्त स्थानमा ग्राभेलको काम तथा अन्य केही स्थानमा वर्षाका ठूला ढुंगा राखेर सडक तयार गरिएको छ ।

२०८१ असोजको बाढीपहिरोले राजमार्गको भकुण्डेबेँसीदेखि नेपालथोकसम्मको करिब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो । सवारी सञ्चालन गर्न रोशी खोलामा अस्थायीरूपमा बनाइएको डाइभर्सन पनि बाढीले बगाउने गरेको थियो ।

क्षतिग्रस्त चार खण्डमध्येको खण्ड बर्खेखोलादेखि पिप्लेसम्मको ३.२ किलोमिटर सडक निर्माणको काम जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले गरिरहेको छ । जाइकाले उक्त खण्डमा माटो भरेर बोल्डर (ठूला ढुंगा) राख्ने काम गरिरहेको छ । राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकतर्फ तीन र सिन्धुलीतर्फ एक गरी चार प्याकेज बनाएर ठेक्का सम्झौता गरिएको छ ।

'पुनर्निर्माण हुने सडकखण्ड दुई लेनको छ । हाल सञ्चालनमा रहेको पुलसँगै अर्को नयाँ पुल निर्माण गरिन्छ,' योगेशले भने । उनका अनुसार पाँचवटा पुललाई दुई लेनमा परिणत गर्ने योजना छ । क्षतिग्रस्त कूल २९.५ किलोमिटर सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको ३.२ किलोमिटर सडकलाई जाइकाले दुई अर्ब ६३ करोड रूपैयाँबराबरको अनुदान उपलब्ध गराउने समझदारी भएको छ ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ देखि बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर सडक) निर्माण सुरु गरिएको थियो । *रासस*

पृष्ठ ४ बाट क्रमशः

'जिल्ला प्रशासन कार्यालयमा नागरिता बनाउन होस् या राहदानी बनाउन होस्, मालपोत, नापी कार्यालयमा पुगेर काम सक्न कठिन हुन्थ्यो । बास बस्नुपर्ने बाध्यता थियो । अब ती दिनका कुरा गर्दा नयाँ पुस्तालाई कथा जस्तै लाग्छ,' भण्डारीले भने । नवलपुरको बौद्धिकाली गाउँपालिका-२ डेढगाउँका खेतको छेउछाउ बाँदर लागेर अन्नबाली जोगाउन पनि मुस्किल हुन्थ्यो । विगतमा यहाँ बाक्लो बस्ती नहुँदा बाँदरबाट बाली जोगाउन निकै समस्या हुने गरेको स्थानीय ध्रुव पङगेनी बताउँछन् । उनका अनुसार सडक नआउँदासम्म यहाँ दुर्गमजस्तै थियो । पछि सडक सञ्जालले गाउँ जोडेरपछि अहिले यहाँको जनजीवन नै परिवर्तन भएको पंगेनीले बताए ।

खेतकै बीचबाट राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर सडक खुलेपछि अहिले यहाँ निकै चहलपहल भएको छ । यहाँ होटेल व्यवसाय सञ्चालनमा छन् भने दैनिक दर्जनौं गाडी ओहोरदोहोर गर्छन् । पाल्पा र नवलपुरमात्रै होइन, कालीगण्डकी करिडोरको ट्र्याक खुलेर स्तरोन्नति भएसँगै गुल्मीको पूर्तिघाटदेखि बाग्लुङको मालढुंगासम्म दर्जनौं व्यवसाय सञ्चालन भएका छन् भने सडक आसपासमा नयाँ बस्ती विकास भएको स्थानीय पुरन रास्कोटी बताउँछन् ।

प्रसिद्ध धार्मिकस्थल देवघाटदेखि मुक्तिनाथसम्म जोड्ने परिकल्पनाअनुरूप कालीगण्डकी नदीको किनारैकिनार कालीगण्डकी करिडोर निर्माण भएपछि पूर्वी नवलपरासी, चितवन, तनहुँ, पाल्पा, स्याङ्जा, गुल्मी, पर्वत, म्याग्दी, बागलुङ, मुस्ताङसम्मका लाखौं जनतासँग प्रत्यक्षरूपमा जोडिन पुगेको छ । दक्षिणी मुलुकदेखि उत्तरी मुलुकसम्म जोड्ने सबैभन्दा कम दूरी मानिने कालीगण्डकी करिडोर २०६५ सालदेखि सुरु भएको हो । कालीगण्डकी करीडोरको पूर्वी नवलपरासीमा ८७ किलोमिटर, पाल्पामा ७८, गुल्मीमा ४२, बागलुङमा ३८, पर्वतमा १३, म्याग्दीमा ४२ र मुस्ताङमा १४७ किलोमिटर पर्छ ।

कालीगण्डकी नदीसँगै विस्तार भएको सडकले पहाडी बस्तीलाई राष्ट्रिय राजमार्गसँग जोडेको छ । सडक खुलेपछि स्थानीयको दैनिकीमात्र होइन, आर्थिक र सामाजिक जीवनशैली पनि बदलिएको छ । 'पहिला उत्पादन बेच्न दुई/तीन दिन लाग्थ्यो । अहिले बिहान टिपेको तरकारी दिउँसो बजार पुग्छ,' हेक्लाङका किसान विपिन अर्यालले भने, 'यातायात सहज भएपछि ढुवानी लागत घटेको छ र उत्पादनले राम्रो मूल्यसमेत पाउन थालेको छ ।'

गुल्मीको कालीगण्डकी गाउँपालिका-२ अर्वेनीका धनबहादुर विश्वकर्माको जीवन पनि क्रमशः फेरिँदै छ । दैनिक अभाव झेलिरहने उनको जीवनको दैनिकी सडकका कारण फेरिएको हो । परम्परागत खेतीले तीन महिना जेनतेन खान पुग्ने उनलाई कालीगण्डकी करिडोर सडक सञ्चालनमा आएसँगै गरेको तरकारीखेतीले वर्षौंभरिको अभाव टरेको छ । हाल उनले पाँच रोपनी जमिनमा तरकारीखेती लगाएका छन् । सरकारी तथा गैरसरकारी निकायबाट तालिम लिएर तरकारीखेती गरेयता उनलाई अभाव भन्ने थाहा छैन । 'कालोपत्रेसहितको फराकिलो करिडोर सडकले मेरो जीवन बदलियो,' उनले भने । करिडोर आफू र अरू विपन्नका लागि वरदान सावित भएको उनको भनाइ छ ।

रामपुरका कृषक कृष्णकुमार अर्याल पनि करिडोरका कारण व्यावसायिक रूपमा पशुपालन गर्ने कृषकको संख्या बढेको बताउँछन् । विगतमा घर खर्चका लागि पालिने गाईभैंसी आजभोलि कृषकहरू व्यावसायिकरूपमा पालन गरी दुग्ध उत्पादनतर्फ लागि परेका छन् । उत्पादित दूध, कुखुराको अण्डा, कुखुराजस्ता वस्तुहरूको उत्पादन बढेको छ । यहाँ उत्पादित दूध, अण्डा चितवन, पोखरासम्म पुग्ने गर्दछ । यसैगरी सडक विस्तारका कारण तरकारी, केरा खेतीबाटसमेत कृषकहरूले राम्रो आम्दानी लिन सफल भएका छन् ।

पछिल्लो समयमा रामपुर फाँटमा घाँसखेतीको सुरु भएको छ । पशुका लागि नेपियर, स्टाइलो, जै वर्षिमजस्ता घाँसको व्यावसायिक उत्पादन भएको छ । करिडोर आसपासका क्षेत्रमा अहिले कृषि, पशुपालनलगायत फर्म खोल्ने संख्या पनि अधिक छ । करिडोर आएपछि माथिल्ला गाउँबस्तीका बासिन्दा पनि व्यापार व्यवसायका लागि करिडोर छेउमा झर्ने क्रम तीव्र छ । नझर्ने पनि केही उत्पादन गरेर बजार पठाउने र त्यही पैसाले अरू अत्यावश्यक सामान खरिद गर्ने गरिरहेका छन् । करिडोरका कारण दुई/चार केजी कृषिउपज उत्पादन भए पनि बजार लैजान र केही ल्याउन धेरै सहज भएको स्थानीय बताउँछन् ।

कालीगण्डकी करिडोरका कारण यस क्षेत्रको पर्यटन विकासमासमेत ठूलो टेवा पुगेको छ । करिडोरअन्तर्गत त्रिवेणीधाम, देवघाटधाम, केलादीधाम, राम्दीघाट, रानीघाट, रुद्रवेणी, सेतीवेणी, पूर्तिघाट, ज्यामिरेघाट, पाल्पा भैरवस्थान, बागलुङ कालिका, गलेश्वरधाम, कागबेनी, मुक्तिनाथ, दामोदर कुण्डजस्ता महत्त्वपूर्ण तीर्थस्थल पर्छन् । कालीगण्डकीमामात्र पाइने शालिग्राम दर्शनका लागिसमेत दैनिक सयौं धार्मिक पर्यटक आउने गरेका छन् । रामपुर नगर क्षेत्रका धार्मिक, पर्यटकीय, सांस्कृतिक महत्त्व बोकेका स्थानको अध्ययन अवलोकनको लागि आन्तरिक पर्यटकको संख्यामा उल्लेखनीय वृद्धि भएको छ । यहाँ जलयात्रा गर्ने पर्यटकसमेत उल्लेखीय रूपमा आउने गरेका छन् ।

करिडोर आएपछि यस क्षेत्रका बासिन्दालाई यही माटोमा आयआर्जनमा जोडिने राम्रो अवसर प्राप्त भएको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापा बताउँछन् । उनले करिडोरले समृद्धिका लागि ठूलो टेवा पुऱ्याएको बताए । 'कालीगण्डकी करिडोर नआएको भए धेरै ठाउँहरू अहिलेसम्म पनि सडक सञ्जालले जोड्न मुस्किल हुन्थ्यो होला,' थापाले भने, 'करिडोर आएपछि एकाएक अवसर र सुविधाबाट वञ्चित बनेका गाउँठाउँ सुगम बनेका छन् ।' उनले रामपुरको विकासको आधार पनि करिडोर भएको बताए ।

कोरलाबाट २५७ किलोमिटर पार गरेपछि कैलाश मानसरोवर पुगिने भएकाले यो मार्ग धार्मिक पर्यटनका लागि उत्तम छ । करिडोर निर्माणपछि छिमेकी राष्ट्र चीन र भारतबीचमा आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्धलाई सुदृढ बनाउन मद्दत पुग्ने छ । सडक सञ्जालले गर्दा स्वास्थ्य सेवामा पनि उल्लेखनीय सुधार आएको छ । गर्भवती महिला, दुर्घटनाका घाइते वा आकस्मिक बिरामीलाई समयमै अस्पताल पुऱ्याउन सकिने भएको छ । विद्यालय र कलेज जाने विद्यार्थीको यात्रा छोटिएको छ भने सरकारी सेवा लिन सदरमुकाम धाउनुपर्ने समय पनि कम भएको छ । सडक किनारमा होटल, पसल, ग्यारेज र अन्य साना व्यवसाय खुल्न थालेका छन्, जसले रोजगारीका नयाँ अवसरसमेत सिर्जना गरेको छ ।

कालीगण्डकी करिडोर एउटा सडकमात्र होइन, पहाडका बासिन्दाको जीवन, अर्थतन्त्र र सम्भावनालाई नयाँ दिशा दिने विकासको आधार बनेको छ । अझै पूर्वाधार सुदृढीकरण, नियमित मर्मत र सुरक्षित सञ्चालन सुनिश्चित गर्न सकिए यस करिडोरले दीर्घकालीन समृद्धिको ढोका अझ फराकिलो बनाउने अपेक्षा गरिएको छ । *रासस*

# कर्णाली नदीमा बेपत्तामध्ये थप दुई जनाको शव फेला

**दैलेख (प्रस)-** कर्णाली राजमार्गअन्तर्गत दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७, सांगेतरामा कर्णाली नदीमा बेपत्ता भएकामध्ये थप दुई जनाको शव बिहीबार साँझ फेला परेको छ । यो सँगै दुर्घटनामा मृत्यु भई सनाखत हुनेको संख्या तीन पुगेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकका अनुसार आफन्तले घटनास्थलमा पुगेर शव बुझिसकेका छन् । पहिचान खुल्नेमा यसअघि भिरमा शव फेला परेका कालिकोट पचाल झरना गाउँपालिका-९ का जेखे तिरुवा, सोही ठाउँका बेपत्ता भनिएका मेखे तिरुवा र कालिकोटकै रास्कोट नगरपालिका-२ की १८ वर्षीया सुजना खड्का रहेका छन् । उनीहरूको ठेगाना र विवरण पहिचान भई आफन्तद्वारा सनाखत भइसकेको प्रहरी प्रमुख विकले जानकारी दिए ।

सवारी चालक सुर्खेत पञ्चपुरी नगरपालिका-८ का तुलाराम सुवेदी र उनका सहोदर भाइ (सहचालक) रामु सुवेदीसहित अन्य यात्रुको अवस्था भने अझै अज्ञात छ । बेपत्ता दुवै दाजुभाइका काका दिल्ली सुवेदीका अनुसार घरका मुख्य साहारा नै नदीमा डुबेकाले परिवार, आफन्त र छरछिमेक यति बेला गहिरो शोकमा छन् ।

सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको क.प्र. ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी सडकबाट करिब ४०० मिटर तल कर्णाली नदीमा असार १८ गते खसेको थियो । सशस्त्र प्रहरी बलको गोताखोर टोलीसहितको संयुक्त सुरक्षा निकायले नदी र आसपासका क्षेत्रमा बाँकी बेपत्ताको खोजी अझै जारी राखेको छ ।

## साउदीमा रोजगार

कम्पनी : EASA AL-ADWANI TRANSPORTATION EST.

पूर्व स्वीकृति मिति : २०८३/०३/२५ LT. No. 344768 चलानी नं. ६०२५८०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ७३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २ गते (18th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Employment Creation Service Pvt. Ltd.**
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com, Website : ecsmanpower.com
श्रम इजाजत नं. ४००/०६०/६१

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/३/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १२१ को २०४६.९१ घनफिट काठ तथा साल जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**मुनाल सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - १, मकवानपुर**

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Sampaanata Overseas Pvt. Ltd. (ई.प.नं.१५७९/०७९/०८०) मा कार्यरत तपसिलका कर्मचारीहरूलाई आजको मितिदेखि यस प्रा.लि.बाट हटाइएको हुँदा निजहरूसँग यस प्रा.लि.को सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि.मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**तपसिल**

| S.N. | Name | Citizenship No. | Address |
|---|---|---|---|
| 1. | Manika Kumari Mahato | 19-02-75-04397 | Lalbandi-19, Sarlahi |
| 2. | Sabbir Ahamad Husain | 0994229 | Bashiya-2, Dhanusha |
| 3. | Kumar Shrestha | 211015-13412 | Bijulikot-7, Ramechhap |
| 4. | Rejina Tamang | 1005-70679 | Makawanpur-8, Hetauda |

**SAMPAANATA OVERSEAS PVT. LTD.**
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

## मलेसियामा रोजगार

कम्पनी : MKM SECURITY FORCE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०३/२६ LT. No. 344222 चलानी नं. ६०२५८००२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 33 | 0 | 1700 | ६३,६६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २ गते (18th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CASTLE EMPLOYMENT SERVICE**
(Near Int'l Airport) Sinamangal Tower Ground Floor, Sinamangal-9, Kathmandu Tel: 015927299, 015927199
Email: doc.castleemployment@gmail.com, castleemplotment2025@gmail.com, Web: www.castleemploymentservice.com.np
श्रम इजाजत नं. १७९०/०८२/०८३

## कुवेतमा रोजगार

कम्पनी : THE NAIL BUTIQUE LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/०४/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२६ LT. No. 327538 चलानी नं. ६०२४१४७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician For salon | 0 | 7 | 150 | ७३,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २ गते (18th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९०४/०६७/०६८
**DECENT EMPLOYMENT PVT. LTD.**
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104, Contact Person Dhurba Thapa ( 9802360733)
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np

## युएइमा रोजगार

कम्पनी : ATHAR RASHEED BLDG CLEANING SERVICES शहर : UAE

पूर्व स्वीकृति मिति : २०८३/०३/२५ LT. No. 344676 चलानी नं. ६०२५८०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 5 | 5 | 1000 | ४१,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २ गते (18th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074
**DEEP JYOTI MANPOWER SERVICE PVT LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८४७०० | प्रति तोला – ० | प्रति तोला – ४३४० |



**किसानलाई हाते ट्र्याक्टर** | लमजुङको दोर्दी गाउँपालिका -४ मा पालिकाले ५० प्रतिशत अनुदानमा किसानलाई वितरण गर्न राखिएको हाते ट्र्याक्टर। पालिकाले रु ४२ लाखमा ६१ वटा हाते ट्र्याक्टर, १७ वटा मकै छोडाउने मेसिन, कफी पल्पर मेसिन लगायतको सामाग्री खरिद गरेर ल्याएको छ। *तस्बिरः जनक श्रेष्ठ/रासस*

## 'ऊर्जा क्षेत्र नेपालको आर्थिक रूपान्तरणको प्रमुख आधार'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले ऊर्जा क्षेत्र नेपालको आर्थिक रूपान्तरण, रोजगारी सिर्जना, औद्योगिकरण र हरित विकासको महत्वपूर्ण आधार भएको बताएका छन्। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था इपानका पदाधिकारीहरूसँग शुक्रबार सिंहदरबारमा भएको छलफलमा प्रधानमन्त्री शाहले नेपालको निर्यात व्यापारको प्रवर्द्धनमा पनि उर्जा क्षेत्रको उल्लेख्य भूमिका रहने बताए।

उनले नेपालमा उर्जा उत्पादन तथा प्रवर्द्धनका क्षेत्रमा आइपरेका समस्या, अवसर र चुनौती जस्ता क्षेत्रमा इपानले उठाएका विषयहरूलाई नेपाल सरकारले गम्भीरतापूर्वक लिइएको स्पष्ट गरे।

प्रधानमन्त्री शाहले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण तथा सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय गरी आवश्यक सहजीकरण र समाधानका लागि अघि बढ्ने आश्वासन पनि इपानका पदाधिकारीहरूलाई दिएका थिए।



नेपालमा उर्जा उत्पादन तथा प्रवर्द्धनका क्षेत्रमा आइपरेका समस्या, अवसर र चुनौती जस्ता क्षेत्रमा इपानले उठाएका विषयहरूलाई नेपाल सरकारले गम्भीरतापूर्वक लिइएको छ।

■ **वालेन्द्र शाह**
**प्रधानमन्त्री**

त्यस छलफलका क्रममा ऊर्जा क्षेत्र, जलविद्युत् विकास, उर्जामा निजी क्षेत्रको लगानी र वातावरण, उद्योग-व्यवसाय प्रवर्द्धन र यसमार्फत मुलुकको अर्थतन्त्रको विकास जस्ता विषयमा छलफल तथा संवाद भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

त्यस अवसरमा इपानका तर्फबाट विद्युत् खरिद सम्झौता, पिपिएको सहजीकरण, रोकिएका आयोजनाहरू अघि बढाउने विषय, प्रसारण लाइन तथा ग्रिड एक्सेसको समस्या समाधान, वन-वातावरण र जग्गा प्राप्तिसम्बन्धी प्रक्रियामा सरलीकरण, अनुमतिपत्र नवीकरणमा सहजीकरण, विद्युत् व्यापारमा निजी क्षेत्रको सहभागिता लगायतका क्षेत्र तथा विषयमा समेत छलफल भएको थियो।

साथै प्रधानमन्त्री शाहसँग लगानी सुरक्षा तथा ऊर्जा क्षेत्रलाई थप लगानीमैत्री बनाउने विषयमा पनि आवश्यक छलफल भएको थियो। त्यस छलफलका क्रममा प्रधानमन्त्री शाहका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार र प्रमुख स्वकीय सचिव सुवास शर्मा, स्वकीय सचिव नविन भण्डारी पनि उपस्थित थिए।

त्यसैगरी सो छलफलमा इपानका वरिष्ठ उपाध्यक्ष उत्तम भ्लोन, उपाध्यक्षहरू हिमप्रसाद पाठक, सुशन कर्माचार्य र उत्तर कुमार श्रेष्ठ, प्रमुख सल्लाहकार गणेश कार्की, महासचिव टिएन आचार्यलगायतको सहभागिता रहेको थियो।

## 'दुग्ध उत्पादक किसानको हितका लागि उद्यमशीलता विकास जरुरी'

■ प्रभाव संवाददाता

**धनगढी–** दुग्ध उत्पादक किसानको हित र त्यसबाट देशले बढीभन्दा बढी लाभ लिने गरी सुदूरपश्चिममा उद्यमशीलता विकास तथा पूर्वाधारमा लगानी आवश्यक रहेकामा सरोकार भएकाहरूले जोड दिएका छन्।

प्रदेश दुग्ध विकास बोर्डले आज धनगढीमा आयोजना गरेको 'दुग्धलाई स्थानीय बजारबाट औपचारिक क्षेत्रमा ल्याउन अभिमुखीकरण' कार्यक्रममा सरोकार भएकाहरूले दूधको प्रयोगलाई विविधिकरण गरी उद्यमशीलता विकास गरिनुपर्नेमा जोड दिएका हुन्।

कार्यक्रममा प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापाले सरकार र निजी क्षेत्र मिलेर ठूला पूर्वाधारमा लगानी गरी साना किसानलाई समेत लाभान्वित हुने अवस्था बनाउनुपर्नेमा जोड दिए।

उनले सुदूरपश्चिम दूध उत्पादनमा आत्मनिर्भर बने पनि त्यसलाई उद्यमशीलतासँग जोडेर लाभ लिन नसकिएको भन्दै निजी क्षेत्र र सरकारबीच समन्वय र सहकार्य आवश्यक पर्नेमा जोड दिए। 'दूध उत्पादनमा प्रदेश आत्मनिर्भर भएको छ, तर त्यसलाई व्यावसायिक रूपमा प्रयोग गरेर लाभ लिन सकिएको छैन। त्यसैले व्यापारमा विविधिकरण गरी आन्तरिक खपत र निर्यात गर्ने उद्देश्यले काम गर्नुपर्नेछ', मन्त्री थापाले भने, 'त्यसका लागि ठूलो लगानीमा पाउडर प्लान्ट बनाएर उपयोग गर्ने, चिज, छुर्पी, पनिरलगायत उत्पादनमा जोड दिन आवश्यक छ। यसका लागि निजी क्षेत्रसँग मिलेर काम गर्न तयार छौं।'

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव शंकर साहले प्रदेशमा दैनिक १० लाख लिटर दूध उत्पादन हुने गरेको जनाउँदै उत्पादित दूधमध्ये घरायसी प्रयोजनमा बढी खपत हुने उल्लेख गरे। उनले अब निर्वाहमुखी व्यापारभन्दा पनि उद्यमशील सोचसहित काम गर्न किसानलाई आग्रह गरे।

उत्पादन विविधिकरण, प्रविधि सहयोग, सीप विकासलगायत क्षेत्रमा सहयोग गर्न मन्त्रालय तयार रहेका उनले प्रतिबद्धता जनाए।

बोर्डका सदस्य कर्णबहादुर हमालले सुदूरपश्चिमका लागि आवश्यक पाउडर दूध अन्य प्रदेशबाट मगाउनुपर्ने बाध्यता रहेकाले प्रदेशमा 'पाउडर प्लान्ट' स्थापना गर्नुपर्ने आवश्यकता औँल्याए। बोर्ड सदस्य भूपेन्द्र थापाले 'नेपालको दुग्ध क्षेत्रः ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्था, चुनौती र आगामी मार्गचित्र' र बोर्डका कार्यकारी निर्देशक श्यामसिंह खड्काले बोर्डको परिचयका साथै अभिमुखीकरणको आवश्यकताबारे प्रस्तुतीकरण गरेका थिए।

यसैगरी खप्तड कृषि सहकारी संस्था कञ्चनपुरका अध्यक्ष पूर्णसिंह साउद, सुदूर सहकारी संस्थाका अध्यक्ष नरेन्द्रबहादुर चन्दलगायत व्यक्तित्वले दुग्ध उत्पादक किसान, डेरी उद्योगीलगायतका समस्या समाधानका लागि सरोकार भएका निकायको ध्यानाकर्षण गराए।

## नेप्से परिसूचक सामान्य अंकले घट्यो

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक शुक्रबार झिनो अंकले घटेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक एक दशमलव १३ अंकले ओरालो लागेर दुई हजार छ सय दशमलव ६८ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ५८ अंकले ओरालो लागेर चार सय ५३ दशमलव ६० मा पुगेको छ। त्यस्तै फ्लोट सूचक शून्य दशमलव १५ अंकले एक सय ७८ दशमलव ५२ मा पुगेको छ। त्यस्तै सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव १९ अंकले घटेर एक सय ५३ दशमलव ४७ मा पुगेको छ। आज विभिन्न कम्पनीका एक करोड छ लाख ६० हजार ५३७ कित्ता सेयर रु छ अर्ब ८६ करोड सात लाख १८ हजार ६५८ मूल्यमा खरिदबिक्री भएको छ।

१३ उपसमूहमध्ये सात उपसमूह मूल्य घट्यो भने छ उपसमूह बढ्यो। आज १२० कम्पनीको सेयर बढ्यो भने १३५ कम्पनीको सेयर घट्यो। नेप्सेका अनुसार आत्मनिर्भर लघुवित्त वित्तीय संस्था, कुमारी इक्युटी फण्ड, कलङ्गा हाइड्रो कम्पनीका लगानीकर्ताले कमाएका छन् भने भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनीका लगानीकर्ताले गुमाएका छन्।

## इटहरीको हलगडामा कजारियाको नयाँ शोरूम



**इटहरी (प्रस)–** कजारिया रमेश टायल्स लिमिटेडले कोशी प्रदेशमा आफ्नो रिटेल सञ्जाललाई थप मजबुत बनाउँदै इटहरीको हलगडामा नयाँ विशेष शोरूम सञ्चालनमा ल्याएको छ। ए-क्लास मार्बल्स एण्ड टायल्ससँगको सहकार्यमा व्यवस्थापन गरिएको यस आधुनिक शोरूमले स्थानीय घरधनी, निर्माण व्यवसायी, आर्किटेक्ट र इन्टेरियर डिजाइनरहरूलाई विश्वस्तरीय ब्राण्डका फ्लोर र वाल टायलहरूको विस्तृत दायरा सिधै पुऱ्याउने उद्देश्य राखेको छ।

यस शोरूमको औपचारिक उद्घाटन कजरिया रमेश टाइल्स लिमिटेडका निर्देशक हिमांशु अग्रवाल र मिस नेपाल कस्मो २०२५ दीपशिखा नेपालले गरेका थिए। समारोहमा उपस्थित ए-क्लास मार्बल्स एण्ड टाइल्सको व्यवस्थापन टोलीले स्थानीय बासिन्दा तथा व्यावसायिक साझेदारहरूलाई नयाँ सञ्चालनमा आएको शोरुम अवलोकनका लागि औपचारिक रूपमा स्वागत गरेको थियो।

आधुनिक र ग्राहक-मैत्री शैलीमा व्यवस्थित गरिएको यस शोरूमले ग्राहकहरूलाई उत्कृष्ट र सजिलो कार्यसम्पादनको अनुभव प्रदान गर्नेछ। यहाँ आउने ग्राहकहरूले विभिन्न टायल्सका डिजाइन, प्याटर्न र फिनिसिङका विकल्पहरू प्रत्यक्ष स्पर्श गरी, महसुस गरेर आफ्ना व्यक्तिगत वा व्यावसायिक परियोजनाका लागि आवश्यक पर्ने टायल छनोट गर्न सक्नेछन्।

'ए-क्लास मार्बल्स एण्ड टायल्ससँगको हाम्रो यो सहकार्य इटहरी र यस आसपासका तीव्र रूपमा विकास भइरहेका क्षेत्रहरूमा उच्च गुणस्तरीय टाइलिङ सोलुसन्स प्रदान गर्ने हाम्रो प्रतिबद्धताको प्रतीक हो। हाम्रा विश्वस्तरीय डिजाइनहरू स्थानीय बासिन्दाहरूको नजिकै ल्याएर हामी उहाँहरूको घर निर्माण र पुनःनिर्माणको यात्रालाई मद्दत पुऱ्याउन चाहन्छौं', उद्घाटनका क्रममा कजारिया रमेश टायल्स लिमिटेडका प्रतिनिधिले भने।

यो शोरूम अहिले सर्वसाधारणका लागि पूर्ण रूपमा खुला भइसकेको छ। हलगडा, इटहरी तथा आसपासका क्षेत्रका बासिन्दाहरूलाई शोरूममा आई नयाँ कलेक्सनहरू अवलोकन गर्न अनुरोध गरिएको छ।

कजारिया रमेश टायल्स लिमिटेडले उन्नत प्रविधि र विश्वस्तरीय मापदण्ड अनुरूप देशकै सबैभन्दा ठूलो टायल उत्पादन उद्योग स्थापना गरी नेपालको टायल उद्योगलाई नयाँ परिभाषा दिएको छ। कम्पनीको बजार नेतृत्व विभिन्न अन्तर्राष्ट्रिय उपलब्धिहरूबाट थप सुदृढ बनेको छ, जसमा सुपरब्राण्ड २०२५ को उपाधि, 'एशियाज् मोस्ट प्रमिसिङ ब्रान्ड' को मान्यता तथा विश्वका शीर्ष ८ टायल उत्पादकमध्ये एकका रूपमा स्थापित हुनु समावेश छन्।

## व्यावसायिक कृषि पेसाबाट मनग्ये आम्दानी

**भोजपुर–** यहाँको षडानन्द नगरपालिका-१ नेपालडाँडा थापाथलीका जीवन थापाले गाउँमा फर्किएर करोडौं लगानीसहित व्यावसायिक कृषि पेसाबाट मनग्ये आम्दानी गरेका छन्।

काठमाडौंमा अधिवक्ताको पेसालाई छाडेर उनले गाउँमा 'पद्मा, कोपिला बहुउद्देश्यीय अर्गानिक कफी उद्योग' दर्ता गरेर कृषि उद्यम सञ्चालन गरेका छन्। करिब सात वर्षअघि सुरु गरिएको उनको कृषि यात्रा अहिले उदाहरणीय बन्दै गएको छ। उनले करिब रु दुई करोड ५० लाख लगानी गरी ६५ रोपनी क्षेत्रफलमा बहुउद्देश्यीय खेती विस्तार गरेको बताए।

योजनाबद्ध रूपमा विविध बालीको संयोजन गर्दै उनले सात हजार बोट कफी, दुई हजार मेकाडेमिया नट, २५० बोट एभोकार्डो, ३०० बोट कागती, ५० बोट जापानिज उन्सु सुन्तला तथा १०० बोट टिमुर रोपेका छन्। यी बालीहरूबाट दीर्घकालीन आम्दानी लिन सकिने विश्वासका साथ उनले खेती विस्तार गरेको बताए।

'गाउँमै धेरै सम्भावना रहेछ। त्यसलाई पहिचान गरेर लगानी गर्नुपर्छ भन्ने लाग्यो', उनले भने, 'सुरुआतमा चुनौती धेरै भए पनि विस्तारै अनुभवसँगै काम अघि बढाउन सहज हुँदै गएको छ।' कृषि उत्पादनलाई व्यवस्थित र गुणस्तरीय बनाउन उनले आफ्नै लगानीमा करिब रु १५ लाख खर्चेर चिस्यान केन्द्र निर्माण गरेका छन्। यसले उत्पादन भण्डारण र गुणस्तर जोगाउन महत्वपूर्ण भूमिका खेलेको उनले बताए।

उत्पादनलाई बजारसम्म पुऱ्याउन सहज होस् भनेर ढुवानीका लागि सवारी साधनको व्यवस्था पनि गरेका छन्। उनको फार्ममा हाल तीन जना कर्मचारीले नियमित रोजगारी पाइरहेका छन्, यसले ग्रामीण क्षेत्रमा रोजगारी सिर्जनामासमेत योगदान पुगेको देखिन्छ।

उनले उत्पादन गरेको कफी अहिले अन्तरराष्ट्रिय बजारसम्म पुग्न थालेको छ। यस वर्ष मात्रै उनले करिब एक हजार केजी कफी जापान निर्यात गरेका छन्, जसको मूल्य प्रतिकेजी १२ डलर रहेको छ। 'विदेशी बजारबाट राम्रो प्रतिक्रिया पाइरहेका छौं', उनले भने, 'तर उत्पादनले बजारको माग धान्न अझै कठिन भइरहेको छ।'

स्थानीय बजारमा भने उनले प्रशोधित कफी प्रतिकेजी करिब रु तीन हजारमा बिक्री गर्दै आएका छन्। कफीको माग निरन्तर बढिरहेको भए पनि उत्पादन विस्तार गर्न थप लगानी, प्राविधिक सहयोग र दक्ष जनशक्ति आवश्यक रहेको उनले अनुभव सुनाए। कृषि क्षेत्रमा सरकारी निकायबाट प्राविधिक सहयोग र बजार व्यवस्थापनमा थप सहजीकरण आवश्यक रहेको उनको भनाइ छ।

हाल उनको फार्मबाट वार्षिक पाँचदेखि सात लाख रूपैयाँसम्म आम्दानी भइरहेको छ। आगामी केही वर्षभित्र सबै बोटहरूले पूर्ण रूपमा उत्पादन दिन थालेपछि वार्षिक रु २० देखि २५ लाखसम्म आम्दानी गर्ने लक्ष्य राखेको उनले बताए। 'अहिले लगानीको चरणमा छु', उनले भने, 'केही वर्षपछि राम्रो प्रतिफल आउने अपेक्षा राखेको छु।'

काठमाडौंमा आफ्नै घर हुँदाहुँदै गाउँ फर्किएर कृषिमा लाग्ने निर्णयबारे उनले आत्मनिर्भरता र गाउँमै अवसर सिर्जना गर्ने उद्देश्य रहेको बताए। 'युवाहरू विदेश जाने क्रम बढ्दो छ', उनले भने, 'तर गाउँमै पनि राम्रो सम्भावना छ भन्ने देखाउन चाहेको हुँ।'

उनको पहलले स्थानीयस्तरमै रोजगारी सृजना गर्नुका साथै आधुनिक कृषि प्रविधि प्रयोगमार्फत उत्पादन वृद्धि गर्न प्रेरणा दिएको स्थानीयवासीले बताएका छन्। कृषिमा व्यावसायिक सोच र दीर्घकालीन योजना आवश्यक हुने सन्देश उनको अभ्यासले दिएको छ।

जीवन थापाको यो यात्रा केवल व्यक्तिगत सफलताको कथा मात्र नभई गाउँ फर्केर केही गर्न चाहने युवाका लागि प्रेरणाको स्रोत बनेको छ। गाउँमै सम्भावना खोज्ने र त्यसलाई व्यवहारमा उतार्ने हो भने कृषिबाट पनि सम्मानजनक आम्दानी लिन सकिन्छ भन्ने उदाहरण उनले प्रस्तुत गरेका छन्।

उनले अन्य किसानले उत्पादन गरेको कफी खरिदसमेत गर्दै आएका छन्। किसानलाई कफीखेतीतर्फ आकर्षित गर्न आफूले जानेको ज्ञान र सीप बाँड्दै आएको उनले बताए। किसानहरूले उत्पादन गरेको कफीलाई एकीकृत रूपमा संकलन, भण्डारण र बिक्री गर्ने वातावरण बनेमा अझ सहज हुने उनको भनाइ छ।

उमेरले ७१ वर्ष पुगेका थापा कृषिमा लगानी, लगनशीलता र दूरदृष्टिको उदाहरणीय व्यक्तित्वका रूपमा स्थापित भएका छन्। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक